सच्चा रूहानी प्रियतमाका निशा नी हरू

आज रूहानी प्रियतम आफ्ना रूहानी प्रियतमा आत्माहरूसँग मिल्नको लागि आउनु भएको छ। सारा कल्पमा यस समयमा नै रूहानी प्रियतम र प्रियतमाको मिलन हुन्छ। बापदादा हरेक प्रियतमा आत्माहरूलाई देखेर हर्षित हुनुहुन्छ– कसरी रूहानी आकर्षणले आकर्षित भएर आफ्ना सच्चा प्रियतमलाई जाने र पाए! हराएका प्रियतमाहरूलाई देखेर प्रियतम पनि खुसी हुनुहुन्छ– कसरी फेरि आफ्नो यथार्थ ठेगानामा पुगे भनेर। यस्तो सर्व प्राप्ति गराउने प्रियतम अरू कोही पाउन सकिँदैन। रूहानी प्रियतम सदा आफ्ना प्रियतमाहरूसँग मिल्न कहाँ आउनुहुन्छ? जति श्रेष्ठ प्रियतम र प्रियतमा हुन्छन् त्यति श्रेष्ठ स्थानमा मिलनको लागि आउँछन्। यो कुनचाहिँ स्थान हो जहाँ मिलन मनाइरहेका छौ? यो स्थानलाई जे भन, सबै नाम यस स्थानलाई दिन सकिन्छ। त्यसो त मिल्ने स्थान जुन अति प्रिय लाग्छ त्यो कुनचाहिँ हुनसक्छ? मिलन या त फूलहरूको बगैंचामा हुन्छ या त सागरको किनारमा मिलन हुन्छ, जसलाई तिमीहरूले समुद्री तट भन्छौ। त्यसोभए अहिले कहाँ बसेका छौ? ज्ञान सागरको किनारमा रूहानी मिलनको स्थानमा बसेका छौ। रूहानी वा ईश्वरीय बगैंचा हो। अरू अनेक प्रकारका बगैंचा त देखेका छौ तर यस्तो बगैंचा जहाँ हरेक एक अर्को भन्दा बढी फक्रिएका फूलहरू छन्, एक-एकले श्रेष्ठ सुन्दरताले आफ्नो सुगन्ध दिइरहेका छन्– यो यस्तो बगैंचा हो। यही बीचमा बापदादा वा प्रियतम मिल्न आउनुहुन्छ। ती अनेक समुद्री तट देख्यौ तर यस्तो तट कहिल्यै देखेका छौ, जहाँ ज्ञान सागरका स्नेहका लहरहरू, शक्तिका लहरहरू, भिन्न-भिन्न लहरहरूले लहराएर सदाको लागि ताजा बनाइदिन्छ? यो स्थान मन पर्छ नि? स्वच्छता पनि छ र रमणीकता पनि छ। सुन्दरता पनि छ। त्यति नै प्राप्ति पनि छ। यस्तो मनोरञ्जनको विशेष स्थान तिमी प्रियतमाहरूको लागि प्रियतमले बनाउनु भएको छ, जहाँ आउनाले मोहब्बतको रेखा भित्र पुग्नासाथ अनेक प्रकारका मेहनतबाट छुट्छौ। सबैभन्दा ठूलो मेहनत हो– स्वाभाविक यादको, त्यसलाई सहज अनुभव गर्छौ र कुनचाहिँ मेहनतबाट छुट्छौ? लौकिक नोकरीबाट पनि छुट्छौ। भोजन बनाउनबाट पनि छुट्छौ। सबै बनिबनाउ मिल्छ नि। याद पनि स्वत: अनुभव हुन्छ। ज्ञान रत्नको झोली पनि भरिएको हुन्छ। यस्तो स्थान, जहाँ मेहनतबाट छुट्छौ र मोहब्बतमा लीन हुन्छौ।

त्यसै पनि स्नेहको निशानी विशेष यही गाइन्छ– दुई, दुई नरहुन्। दुई मिलेर एक बनुन्। यसैलाई समाहित हुनु भनिन्छ। भक्तहरूले यही स्नेहको स्थितिलाई समाहित हुनु वा लीन हुनु भनेर बताएका छन्। तिनीहरूले लीन हुनेको अर्थलाई बुझेका छैनन्। प्यारमा लीन हुनु– यो स्थिति हो तर स्थितिको सट्टा तिनीहरूले आत्माको अस्तित्वलाई सदाको लागि समाप्त गर्नु भन्ने बुझेका छन्। समाहित हुनु अर्थात् समान बन्नु। जब बाबाको वा रूहानी प्रियतमको मिलनमा मगन हुन्छौ तब बाबा समान बनेको अथवा समाहित अर्थात् समान बनेको अनुभव गर्छौ। यही स्थितिलाई भक्तहरूले समाहित हुनु भनेका हुन्। लीन पनि हुन्छौ समाहित पनि हुन्छौ। तर यो मिलनको मोहब्बतको स्थितिको अनुभूति हो। बुझ्यौ! त्यसैले बापदादाले आफ्ना प्रियतमाहरूलाई देखिरहनु भएको छ।

सच्चा प्रियतमा अर्थात् सदा प्रियतमा, स्वाभाविक प्रियतमा। सच्चा प्रियतमाको विशेषतालाई जानेका पनि छौ। फेरि पनि त्यसका मुख्य निशानीहरू हुन्: –

पहिलो निशानी– एक प्रियतमद्वारा सर्व सम्बन्धको समय प्रमाण अनुभूति गर्नु। प्रियतम एक हुनुहुन्छ तर एकसँग सर्व सम्बन्ध हुन्छ। जुन सम्बन्ध चाहन्छौ र जुन समयमा जुन सम्बन्धको आवश्यकता हुन्छ, त्यो समयमा त्यही सम्बन्धको रूपले प्रीतिको रीतिद्वारा अनुभव गर्न सक्छौ। त्यसैले पहिलो निशानी हो– सर्व सम्बन्धको अनुभूति। "सर्व" शब्दलाई विशेष अण्डरलाइन गर्नु। केवल सम्बन्ध होइन। कति यस्ता चलाख प्रियतमाहरू पनि छन्, जसले सम्झन्छन् सम्बन्ध त जोडिएको छ। तर सर्व सम्बन्ध जोडिएको छ? र अर्को कुरा– समयमा सम्बन्धको अनुभूति हुन्छ? ज्ञानको आधारले सम्बन्ध छ वा दिलको अनुभूतिले सम्बन्ध छ? बापदादा सच्चा दिल भएकासँग राजी हुनुहुन्छ। केवल तीव्र दिमाग भएकासँग राजी होइन, दिलाराम दिलसँग राजी

हुनुहुन्छ त्यसैले दिलको अनुभव दिलले जानेको हुन्छ, दिलारामले जान्नु भएको छ। समाहित गर्ने स्थानलाई, दिल भनिन्छ, दिमाग होइन। ज्ञानलाई समाहित गर्ने स्थान दिमाग हो, तर प्रियतमलाई समाहित गर्ने स्थान दिल हो। प्रियतमले प्रियतमाको कुरा नै सुनाउनुहुन्छ नि। कुनै-कुनै प्रियतमाले दिमाग धेरै चलाउँछन् तर दिलले गरेमा दिमागको मेहनत आधा हुन्छ। जसले दिलले सेवा गर्छन् वा याद गर्छन्, तिनीहरूलाई मेहनत थोरै र सन्तुष्टता धेरै हुन्छ र जसले दिलको स्नेहले याद गर्दैनन् केवल ज्ञानको आधारले दिमागले याद गर्छन् वा सेवा गर्छन्, तिनीहरूलाई मेहनत धेरै गर्नु पर्छ, सन्तुष्टता थोरै हुन्छ। चाहे सफलता मिलि पनि हालोस् तर दिलको सन्तुष्टता भने थोरै हुन्छ। यही सोचिरहन्छन्– हुन त राम्रै भयो तर पनि, तर पनि.... भनिरहन्छन् र दिलवालाले सदा सन्तुष्टताको गीत गाइरहन्छन्। दिलको सन्तुष्टताको गीत, मुखको सन्तुष्टताको गीत होइन। सच्चा प्रियतमाले दिलबाट सर्व सम्बन्धलाई समय प्रमाण अनुभूति गरिरहन्छन्।

दोश्रो निशानी– सच्चा प्रियतमाहरू हरेक परिस्थितिमा, हरेक कर्ममा सदा प्राप्तिको खुसीमा रहन्छन्। एक हुन्छ अनुभूति, अर्को हुन्छ त्यसबाट प्राप्ति। कतिले अनुभूति पनि गर्छन्– हो मेरो बाबा पनि हुनुहुन्छ, साजन पनि हुनुहुन्छ, बच्चा पनि हुनुहुन्छ तर प्राप्ति जति चाहेको हो त्यति हुँदैन। बाबा हुनुहुन्छ, तर वर्सोको प्राप्तिको खुसी हुँदैन। अनुभूतिको साथमा सर्व सम्बन्धद्वारा प्राप्तिको पनि अनुभव होस्। जस्तै, बाबाको सम्बन्धद्वारा सदा वर्सोको प्राप्तिको महसुसता होस्, भरपुरता होस्। सद्गुरुद्वारा सदा वरदानले सम्पन्न स्थितिको वा सदा सम्पन्न स्वरूपको अनुभव होस्। त्यसैले प्राप्तिको अनुभव पनि आवश्यक छ। त्यो हो सम्बन्धको अनुभव, यो हो प्राप्तिको अनुभव। कतिलाई सर्व प्राप्तिको अनुभव हुँदैन। मास्टर सर्वशक्तिमान् भए तापनि समयमा शक्तिको प्राप्ति हुँदैन। प्राप्तिको अनुभूति हुँदैन, अनि प्राप्तिमा पनि कमी हुन्छ। त्यसैले अनुभूतिको साथमा प्राप्ति स्वरूप पनि बनियोस्– यो हो सच्चा प्रियतमाको निशानी।

तेस्रो निशानी– जुन प्रियतमालाई अनुभूति छ, प्राप्ति पनि छ भने ऊ सदा तृप्त रहन्छ, कुनै पनि कुरामा अप्राप्त आत्मा लाग्दैन। त्यसैले "तृप्ति"– यो प्रियतमाको विशेषता हो। जहाँ प्राप्ति हुन्छ, त्यहाँ तृप्ति पनि अवश्य हुन्छ। यदि तृप्ति छैन भने अवश्य प्राप्तिमा कमी छ र प्राप्ति छैन भने सर्व सम्बन्धको अनुभूतिमा कमी हुन्छ। त्यसैले ३ निशानीहरू हुन्– अनुभूति, प्राप्ति र तृप्ति। सदा तृप्त आत्माहरू, जस्तोसुकै समय होस्, जस्तोसुकै वायुमण्डल होस्, जस्तोसुकै सेवाका साधन हुन्, जस्तोसुकै सेवाका संगठनका साथी हुन्, तर हरहालमा, हरचालमा तृप्त हुन्छन्। यस्ता सच्चा प्रियतमा हौं नि? तृप्त आत्मामा कुनै हदको इच्छा हुँदैन। त्यसो त हेर्यौं भने तृप्त आत्माहरू अति थोरै हुन्छन्। कुनै न कुनै कुरामा चाहे मानको, चाहे शानको भोक हुन्छ। भोकाएकाहरू कहिल्यै तृप्त हुँदैनन्। जसको पेट सदा भरिएको हुन्छ ऊ तृप्त हुन्छ। त्यसैले जसरी शरीरको भोजनको भोक हुन्छ त्यस्तै मनको भोक हुन्छ– शान, मान, कृपा, साधन। यी मनका भोक हुन्। जसरी शरीरका तृप्तवाला सदा सन्तुष्ट रहन्छन्, त्यस्तै मनका तृप्तवाला सदा सन्तुष्ट हुन्छन्। सन्तुष्टता तृप्तिको निशानी हो। यदि आत्माहरू तृप्त हुँदैनन् भने चाहे शरीरको भोक होस्, चाहे मनको भोक होस्, जति नै मिलोस्, धेरै मिल्यो भने पनि तृप्त आत्मा नभएको कारणले तिनीहरू सदा अतृप्त रहन्छन्। असन्तुष्टता रहन्छ। जो रोयल हुन्छन् तिनीहरू थोरैमा तृप्त हुन्छन्। रोयल आत्माहरूको निशानी हो– सदा भरिपूर्ण हुन्छन्, एउटा रोटीमा पनि तृप्त र ३६ प्रकारको भोजनमा पनि तृप्त हुन्छन्। जो अतृप्त हुन्छन् तिनीहरूलाई ३६ प्रकारको भोजन मिले पनि तृप्त हुँदैनन् किनभने मनको भोक हुन्छ। सच्चा प्रियतमाको निशानी हो– सदा तृप्त आत्मा। त्यसैले तीनै निशानीहरू चैक गर। सदैव यो सोच– "म कसको प्रियतमा हुँ! जो सदा सम्पन्न हुनुहुन्छ, यस्ता प्रियतमको प्रियतमा हुँ! त्यसैले सन्तुष्टतालाई कहिल्यै नछोड। सेवा छोड तर सन्तुष्टता नछोड। जुन सेवाले असन्तुष्ट बनाउँछ त्यो सेवा, सेवा होइन। सेवाको अर्थ नै हो मेवा दिने सेवा। त्यसैले सच्चा प्रियतमाहरू सर्व हदको चाहना भन्दा पर, सदा सम्पन्न र समान हुन्छन्।

आज प्रियतमाहरूका कहानी सुनाइरहनु भएको छ। नटखट पनि धेरै गर्छन्। प्रियतम पनि हेरी-हेरी मुस्कुराइरहनु हुन्छ। नटखट केही छैन गर तर प्रियतमलाई प्रियतम सम्झिएर उहाँको सामुन्ने गर, अरूको सामुन्ने होइन। भिन्न-भिन्न हदको स्वभाव, संस्कारका नटखट गर्छन्। जहाँ मेरो स्वभाव, मेरो संस्कार भन्ने शब्द आउँछ त्यहाँ पनि नटखट सुरु हुन्छ। बाबाको स्वभाव नै मेरो स्वभाव होस्। मेरो स्वभाव बाबाको स्वभाव भन्दा भिन्न हुन सक्दैन। त्यो मायाको स्वभाव हो, अर्काको स्वभाव हो। त्यसलाई मेरो कसरी भन्ने? माया पराई हो, आफ्नो होइन। बाबा आफ्नो हुनुहुन्छ। मेरो स्वभाव अर्थात् बाबाको स्वभाव। मायाको स्वभावलाई मेरो भन्नु गलत हो। मेरो

शब्दले नै फेरोमा पार्छ अर्थात् चक्करमा ल्याउँछ। प्रियतमाहरूले प्रियतमको अगाडि यस्तो नटखट पनि देखाउँछन्। जुन बाबाको त्यो मेरो। हरेक कुरामा भक्तिमा पनि यही भन्छन्– जुन हजुरको त्यो मेरो, मेरो केही पनि होइन। तर जुन हजुरको त्यो मेरो। जुन बाबाको संकल्प, त्यो मेरो संकल्प। सेवाको पार्ट खेल्ने जुन बाबाको संस्कार, स्वभाव छ त्यो मेरो। त्यसैले यसबाट के हुन्छ? हदको मेरो, हजुरको हुन जान्छ। हजुरको नै मेरो, अलग्गै मेरो छैन। जुन पनि बाबाबाट भिन्न छ त्यो मेरो होइन। त्यो मायाको फेरो हो त्यसैले यो हदको नाज-नखराबाट निस्किएर रूहानी नाज– म हजुरको र हजुर मेरो, यसरी भिन्न-भिन्न सम्बन्धको अनुभूतिको रूहानी नटखट भने गर्न सक्छौ। तर अरू नगर। सम्बन्ध निर्वाह गर्दा पनि रूहानी नटखट गर्न सक्छौ। मोहब्बतको प्रीतको नटखट राम्रो हुन्छ। कहिले सखाको सम्बन्धले मोहब्बतको नटखट अनुभव गर। त्यो नटखट होइन तर निरालापन हो। स्नेहको नटखट प्यारो हुन्छ। जसरी सानो बच्चा धेरै स्नेही र पवित्र भएको कारणले तिनीहरूको नटखट सबैलाई राम्रो लाग्छ। शुद्धता र पवित्रता हुन्छ बच्चाहरूमा। तर ठूलाले नटखट गरे भने त्यसलाई राम्रो मानिँदैन। त्यसैले बाबासँग नटखट गर्नु नै छ भने भिन्न-भिन्न सम्बन्धको, स्नेहको, पवित्रताको नटखट गर।

"सदा हात र साथ" नै सच्चा प्रियतमा र प्रियतमको निशानी हो। साथ र हात नछुटोस्। सदा बुद्धिको साथ र बाबाको हरेक कार्यमा सहयोगको हात होस्। एक अर्काको सहयोगको निशानी हातमा हात मिलाएर देखाउँछन् नि। त्यसैले सदा बाबाको सहयोगी बन्नु– यो हो सदा हातमा हात र सदा बुद्धिले साथ रहनु। मनको लगन र बुद्धिको साथ– यो स्थितिमा रहनु अर्थात् सच्चा प्रियतमा र प्रियतमको स्थितिमा रहनु। बुझ्यौ? प्रतिज्ञा नै यो छ– सदा साथ रहन्छौं। कहिलेकाहीं साथ निर्वाह गर्छौं– यो प्रतिज्ञा होइन। मनको लगाव कहिले प्रियतमसँग छ कहिले छैन भने त्यो सदा साथ त भएन नि! त्यसैले यही सच्चा प्रियतमाको स्थितिमा रहनु। दृष्टिमा पनि प्रियतम, वृत्तिमा पनि प्रियतम, सृष्टि नै प्रियतम।

त्यसैले यो प्रियतम र प्रियतमाको सभा हो। बगैंचा पनि हो र सागरको किनार पनि हो। यो अनौठो यस्तो प्राइभेट स्थान हो (सागरको किनार) हो, जहाँ हजारौंको बिचमा पनि प्राइभेट छ। हरेकले अनुभव गर्छन्– मसँग प्रियतमको व्यक्तिगत प्यार छ। हरेकलाई व्यक्तिगत प्यारको अनुभूति हुनु– यो नै अनौठो प्रियतम र प्रियतमा हो। हो एक प्रियतम तर हुनुहुन्छ सबैको। सबैको अधिकार सबैको भन्दा धेरै छ। हरेकको अधिकार छ। अधिकारमा नम्बर छैन, तर अधिकार प्राप्त गर्नमा नम्बरवार हुन पुग्छन्। सदा यो स्मृतिमा राख– ईश्वरीय बगैंचामा हातमा हात दिएर सँगै हिँडिरहेका छौं, बसिरहेका छौं। रूहानी सागरको किनारमा हातमा हात दिएर मोज मनाइरहेका छौं। त्यसैले सदा मनोरञ्जनमा रहन्छौ, सदा खुसीमा रहन्छौ र सदा सम्पन्न रहन्छौ। अच्छा।

यी डबल विदेशीहरू पनि डबल भाग्यशाली छन्। राम्रो भयो, जो अहिले सम्ममा आइपुगे। पछि गएर के परिवर्तन हुन्छ त्यो त ड्रामा। तर डबल भाग्यशाली छौ, जो समय प्रमाण पुग्यौ। अच्छा।

सदा अविनाशी प्रियतमा बनेर रूहानी प्रियतमसँग प्रीतिको रीति निर्वाह गर्ने, सदा स्वयंलाई सर्व प्राप्तिबाट सम्पन्न अनुभव गर्ने, सदा हरेक स्थिति वा परिस्थितिमा तृप्त रहने, सदा सन्तुष्टताको खजानाले भरपुर बनेर अरूलाई पनि भरपुर बनाउने, यस्ता सदाका साथ र हात मिलाउने सच्चा प्रियतमाहरूलाई रूहानी प्रियतमको दिलदेखि यादप्यार, गुडमर्निङ्ग एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

वरदान:– **सदा श्रेष्ठ र नयाँ प्रकारको सेवाद्वारा वृद्धि गर्ने सहज सेवाधारी भव**

संकल्पद्वारा ईश्वरीय सेवा गर्नु, यो पनि सेवाको श्रेष्ठ र नयाँ तरिका हो। जसरी जौहरीले सधैं बिहान आफ्ना हरेक रत्नहरूलाई चेक गर्छन्– चमक ठीक छ, ठीक ठाउँमा राखेको छ... त्यसैगरी सधैं अमृतबेला आफ्नो सम्पर्कमा आउने आत्माहरूमा आफ्नो नजर दौडाऊ, जति तिमीहरूले तिनीहरूलाई संकल्पद्वारा याद गर्छौ त्यति त्यो संकल्प तिनीहरूसम्म पुग्छ.... यस प्रकारले सेवाको नयाँ तरिका अपनाउँदै वृद्धि गर्दै जाऊ। तिम्रो सहयोगको सूक्ष्म शक्तिले ती आत्माहरूलाई तिमीहरूतर्फ स्वत: आकर्षित गर्नेछ।

स्लोगन:– बहानाबाजीलाई समाप्त गरेर बेहदको वैराग्य वृत्तिलाई प्रकट गर।